सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश डा.श्री आनन्दमोहन भट्टराई

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

आदेश

०७६-WO-०९३८

जनहित संरक्षण मञ्चको तर्फबाट आफ्नो हकमा समेत वरिष्ठ अधिवक्ता प्रकाशमणी शर्मासमेत--------------------------------------------------------१ निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरवार, काठमाडौं समेत--------१ विपक्षी

मुद्दा : उत्प्रेषण।

यसमा अन्तरिम आदेश छलफलका लागि पेश भएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान बरिष्ठ अधिवक्ता द्वय श्री प्रकाशमणी शर्मा र श्री दिनेश त्रिपाठी, विद्वान अधिवक्ताहरु श्री खगेन्द्र सुवेदी, श्री केशरमणी अर्याल, श्री सन्तोष भण्डारी, श्री कमल कोइराला, श्री लक्ष्मी(नानी) थापा, रिट निवेदक श्री संजय अधिकारी तथा विपक्षीहरुको तर्फबाट उपस्थित हुनुभएका विद्वान सह-न्यायाधिवक्ता श्री सञ्जिवराज रेग्मीले गर्नु भएको बहस सुनियो।

यसमा निवेदकको माग वमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने सन्दर्भमा हेर्दा, प्रस्तुत निवेदन कोभिड-१९ को सन्दर्भमा गरिएको लकडाउन/बन्दावन्दीको कारण सृजित परिस्थितिलाई लिएर सार्वजनिक सरोकारको निवेदन भनी नेपालको संविधानको धारा ४६, १३३(२) र १३३(३) अन्तर्गत दर्ता भएको देखियो। निवेदनमा मुलतः काठमाडौं उपत्यका लगायत नेपालका शहरी क्षेत्रमा रोजगारी, व्यवसाय, दैनिक ज्यालादारी गरी खाने तथा निजी

क्षेत्रका होटल, रेष्टुरेण्ट आदि क्षेत्रमा काम गर्ने मजदुर र विद्यार्थी लगायतका हाल रहेको ठाउँमा आफ्नो घरबास नहुने र नेपाल सरकारद्वारा घोषणा गरेको लकडाउन/बन्दाबन्दीका कारण आफ्नो घर फर्किन नपाएका तर घरजान इच्छुक व्यक्तिहरुको हकमा उनीहरुलाई तत्काल सुरक्षित तवरले आफ्नो घर फर्किन पाउने व्यवस्था गरिनुपर्ने भन्ने माग लिइएको देखियो। यस हिसावले प्रस्तुत निवेदन नेपालको संविधानको धारा १६, १८, ३५, ३६, ४३ समेतद्वारा प्रदत्त हकहरुको प्रचलन र उपभोगसँग सम्बन्धित देखियो।

कोभिड-१९ को महामारीको कारण हाल नेपालसमेत आक्रान्त छ। महामारीको कारण नेपाल भित्र रहेका हरेक व्यक्तिको सम्मान पूर्वक बाँच्न पाउने हक, पेशा रोजगारीको हक, खाद्य सम्वन्धी हक, स्वास्थ्य सम्वन्धी हक, आवासको हक, सामाजिक सुरक्षाको हकसमेत प्रभावित भैरहेको अवस्था छ। विद्यमान परिस्थितिको कारण महिला, बालबालिका, विपन्न, अशक्त र असहाय, अपांगता भएका व्यक्तिहरुको हक संरक्षणको कुरा थप चुनौतीपूर्ण बन्न पुगेको छ। यो सृजित परिस्थितिको सामाना गर्न राज्य संयन्त्र परिचालित भैरहेको पनि देखिन्छ। संघ, प्रदेश र स्थानीय तहको अगुवाई, चिकित्सा क्षेत्रको अग्रसरता र सुरक्षा निकायसमेतको सहभागीतामा केही उपलव्धीहरु हाँसिल भएका छन्। यो कुरा बुझ्न सकिन्छ। तर दिनदिनै परिस्थिति बदलिइरहेको अवस्था पनि छ। यो महामारीको रोकथाम र नियन्त्रणमा हामीलाई कति समय प्राप्त छ र प्राप्त समयको सही किसिमबाट सदुपयोग हुन सकेको छ वा छैन यो प्रश्न पनि विचारणीय छ। लकडाउन/बन्दाबन्दीको उद्देश्य, यसको उपयोगीता, सामाजिक दुरी कायम गर्ने लगायतका जनताद्वारा पालन गरिनु पर्ने कर्तव्यको पालन भई राज्य र जनताको तहबाट समन्वयात्मक र उत्तरदायीरुपमा पारदर्शी किसिमले कार्य हुन सक्दा मात्र यो अदृष्य शत्रु विरुद्धको युद्ध जितिने हो।

महामारीको प्रभाव स्वभाविक रुपले सबैलाई परेको छ तर बन्दाबन्दीको कारण सृजित परिस्थितिको चर्को मारमा शहरमा आफ्नो घर वा सुरक्षित आवासको व्यवस्था नहुने रोजगारी गुमेको विपन्न वर्ग, उनीहरुमा आश्रित व्यक्तिहरु र अध्ययनका लागि बसेका विद्यार्थीहरुलाई बढी परेको अवस्था छ। हाल काठमाडौं लगायतका शहरी क्षेत्रबाट आफ्नो घरबास भएको जिल्लामा पैदलै जान बाध्य दिनरात देखिने जनताको लर्कोले यो यथार्थतालाई प्रदर्शित गरेको छ। हाल सृजित परिस्थितिको सन्दर्भमा सार्वजनिक सरोकारको विषय भनी दायर गरिएको प्रस्तुत रिट निवेदनमा उठाइएका कुराहरु, नेपालको संविधान तथा नेपाल पक्ष रहेका मानव अधिकार सम्बन्धी महासन्धिका व्यवस्थाहरुद्वारा प्रत्याभूत जीवन, जीविका, स्वास्थ्य, समानता, सम्मान र सुरक्षासमेतका हकहरुलाई मध्यनजर गर्दा तत्काल देहाय बमोजिम हुनुपर्ने देखिएकोले नेपालको

संविधानको धारा १३३ तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ समेत बमोजिम देहाय बमोजिमको अन्तरिम आदेश जारी गरिएको छः-

(क) विकल्पको अभावमा वाध्यतामा परेका र हाल काठमाडौं लगायत अन्य विभिन्न शहरी क्षेत्रहरुबाट आफ्नो स्थायी बसोवास रहेको गाउँ/नगरको निमित्त पैदलै प्रस्थान गरिसकेका जनताहरुलाई सुरक्षित रुपमा उनीहरुको गन्तव्यमा पुऱ्याउने राज्यको प्राथमिक कर्तव्य हो। यी वर्गको तथा समूहको व्यक्ति र बृहत समाजको हितलाई समेत ध्यानमा राखी स्थानीय रुपमा हाल परिचालीत स्वास्थ्य परीक्षण सम्बन्धी जनशक्तिको मोवाइल समूहहरु परिचालन गरी उनीहरुको ऱ्यापिड टेष्ट गर्दै सुरक्षाको लागि अपनाउनु पर्ने सबै आवश्यक उपायहरु अवलम्बन गर्दै अत्यन्त प्राथमिकताको साथ उनीहरुलाई सरकारको कार्यमा आस्वस्थ हुने गरी अविलम्व सबै राजमार्गहरुबाट सवारी साधनहरुको निशुल्क व्यवस्था गरी उनीहरुको गन्तव्य स्थानमा पुऱ्याइदिनू। सो गर्दा महिला, बालबालिका, जेष्ठ नागरिक, शारीरिक रुपमा अस्वस्थ व्यक्तिहरुको विशेष सुरक्षा गर्नू र प्राथमिकता क्रममा राख्नू। यी व्यक्तिहरुको परीक्षण गर्दा कोभिडको आशंका भएका व्यक्तिहरुलाई आवश्यकता अनुसार तत्काल क्वारेण्टाइन/आइसोलेशनमा राख्ने व्यवस्था गरी निको भएपछि वा शंका बाहिर आएपछि मात्रै उनीहरुको गन्तव्यमा सुरक्षित तवरले पुऱ्याईदिने व्यवस्था गर्नू, गराउनू।

(ख) हाल प्रस्थान गरी नसकेका काठमाडौं उपत्यका लगायत शहरी क्षेत्रमा रहेका माथि उल्लेखित समूहका आफ्नो स्थायी बसोवास भएको जिल्ला, गाउँ/ नगरपालिकामा जान चाहने व्यक्तिहरुको हकमा निजहरु हाल रहेको वडाद्वारा टेलीफोनमार्फत जान चाहने जिल्ला, गाउँ/नगरपालिका र वडासमेत खुल्ने गरी पृष्ठभूमी समेत प्रमाणीत हुने किसिमबाट लगत संकलन गर्नू गराउनू। तत्पश्चात ऱ्यापिड टेष्टको माध्यमद्वारा निजहरुको स्वास्थ्य परीक्षण गरी र सुरक्षा संयन्त्र समेतको संलगनतामा विश्व स्वास्थ्य संगठनको मापदण्ड बमोजिम सवारी साधनलाई स्यानिटाइज गरी अन्य आवश्यक स्वास्थ्य सुरक्षाको उपायहरु अपनाई सम्बन्धित वडा-वडाबाट निजहरु जान चाहने प्रदेश, जिल्ला र पालिकासमेतसँग समन्वय गरी सो स्थानहरुमा पुगेपछि आवश्यकता अनुसार क्वारेण्टाइनमा राख्ने प्रवन्धसमेत मिलाउनू।

(ग) कोभिड-१९ को संक्रमणमा परेका, जोखिममा रहेका र पेशा रोजगार गुमाई तनावमा रहेका जनताहरुलाई केन्द्रित गरी उनीहरुको मानसिक स्वास्थ्य समेतलाई विचार गरी उपयूक्त माध्यमद्वारा सघन मनोसामाजिक परामर्शको व्यवस्था गर्नू, गराउनू।

(घ) यसरी आफ्नो स्थायी बसोवास भएको क्षेत्रमा पुगेका तत्काल राहतको आवश्यकता हुने व्यक्तिहरुलाई राहत प्रदान गर्न र क्वोरेण्टाइन समेतका स्वास्थ्य सेवाहरु प्रदान गर्न आवश्यक पर्ने श्रोत, साधन स्थानीय तहलाई उपलब्ध गराउनू। साथै हालको महामारी लगायत स्थानीय जनताको स्वास्थ्य सम्बन्धी हक सुनिश्चित गर्न जिल्ला अस्पतालमा समेत आई. सी. यु. वेड र स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सक्ने जनशक्ति विस्तार गर्नू। जनताको स्वास्थ्य सम्बन्धी हकको प्रभावकारी कार्यान्वयनको लागि जनस्वास्थ्य सेवा ऐन, २०७५ अन्तर्गत निर्माण गर्नुपर्ने नियमावली तत्काल निर्माण गरी लागू गर्नू, गराउनू।

(ङ) कोभिड-१९ को संक्रमणको संख्या हालपनि नियन्त्रण बाहिर रहेकोसमेत सन्दर्भमा संभावित जोखिमलाई मध्यनजर गरी भरपर्दो परीक्षणको दायरा तत्काल बढाउनु आवश्यक देखिन्छ। पिसिआर (PCR) मेसिनद्वारा परीक्षण गर्ने हाल स्थापित केन्द्रहरु बाहेकपनि जनघनत्व बढी भएका र स्वास्थ्य सेवाको पहुँचको हिसाबले समेत आवश्यक र उपयूक्त देखिएका शहरी क्षेत्रहरुमा परीक्षण केन्द्रहरु थप गर्नु आवश्यक देखिंदा प्राथमिकताका साथ परीक्षण केन्द्रहरु स्थापना गर्नू। स्वास्थ्य सम्बन्धी मेसिन, सामाग्री र औषधीसमेत खरिद गर्दा विश्व स्वास्थ्य संगठनको मापदण्ड अनुकुल हुने गरी खरिद गर्नू, गराउनू।

(च) हाल उद्योग, कल कारखाना बन्द रहेको र रोजगारी गुमेको कारण ग्रामीण क्षेत्रमा फर्किएका जनताहरुको उपलब्धतालाई कृषि क्षेत्रको पुनर्जागरणको अवसरको रुपमा प्रयोग गर्न सकिने हुँदा स्थानीय तहमा बिउ बिजन, मल, कृषि औजार आदि अवस्था अनुसार निशुल्क वा सहुलियत दरमा सहज रुपमा उपलब्ध गराउने र कृषि बाली र पशुधनसमेतको विमामार्फत ग्रामीण अर्थतन्त्रलाई स्वावलम्बी अर्थतन्त्रको रुपमा विकाश गर्न प्रदेश र स्थानीय तहसमेतको समन्वयमा आवश्यक कार्य अविलम्ब गर्नू, गराउनू।

(छ) आफ्नै गाउँ समाज र परिवारको सदस्यहरु शहरबाट फर्कि आएकोमा संक्रमित भएको वा नभएको हेरी थप संक्रमण नहुन र सुरक्षाको निमित्त तोकिएको नियमन एवम् नियन्त्रणको शर्त पालन भएको छ वा छैन हेरी पालना हुने कुरा सुनिश्चित गरी शहरबाट फर्किएका आफ्नो समुदायका सदस्यहरुलाई सम्मानपूर्ण सामाजिक पुनरएकिकरणको वातावरणको सूनिश्चितता गर्न प्रदेश र स्थानीय सरकारसँग समन्वय गरी कार्यान्वयन गर्नू, गराउनू।

कोभिड-१९ कै सम्बन्धमा यस अघि यस अदालतमा विभिन्न रीट निवेदनहरु दर्ता भै ती रीट निवेदनहरुमा विभिन्न इजलासहरुबाट आदेशहरु भएको अवस्था छ। यो महामारीले कुन रुप लिन्छ, यसलाई हामी कसरी परास्त गर्न सक्छौं सो बारे समिक्षा गर्न र संघ, प्रदेश तथा स्थानीय एवम् जनस्तरबाट भैरहेका कार्यहरुमा के कस्ता कमी कम्जोरी रहन्छन् सो हेरी आवश्यक आदेशहरु जारी गर्नुपर्ने हुन्छ। नेपालको संविधानले अङ्गिकार गरेको लोकतान्त्रिक व्यवस्था, विधिको शासन र प्रत्याभूत मौलिक हकसमेतको संरक्षणको निमित्त एकिकृत रुपमा आवश्यक आदेशहरु जारी गर्नु यस अदालतको कर्तव्य भएको र प्रस्तुत आदेश पनि सोही सन्दर्भमा जारी गरिएकोले प्रस्तुत रिट निवेदन र यस अदालतमा विचाराधीन रहेका ०७६-WO-०९३२, ०७६-WO-०९३३, ०७६-WO-०९३४, ०७६-WO-०९३६ र ०७६-WO-०९४० का रिट निवेदनहरुसाथै राखी एकैसाथ पेश गर्नू। साथै प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरुलाई दिनू।

न्यायाधीश

न्यायाधीश

ईति सम्वत् २०७७ साल बैशाख ५ गते रोज ६ शुभम् -------------------------------